# गाउँका जयनन्दे बने प्रसिद्ध लोकगायक

- *कपिल लोहनी* *

'लोकको भावना, लोकमा सिर्जना भएका सम्पूर्ण हर्ष, विस्मात, समस्या, पर्व, चाडवाड, रिती-रिवाज, बेदना, मायाप्रिती आदिलाई गीतमार्फत पोख्न सक्ने गायकलाई हामी सच्चा लोक गायक भनेर बुझ्न सक्छौँ । लोक गायकले लोकमा भएका कुरालाई गीतमार्फत छर्लङ्ग पार्न सक्नु पर्छ ।' यो भनाई आजभन्दा करिव ५३ वर्ष पहिले बाह्रबिसेबाट राजधानी काठमाडौँ आएर लोक गीत गाउन थालेका र गाउँमा 'जयनन्दे' भनेर चिनिने ठिटो तथा आजका सुप्रसिद्ध लोकगायक तथा कलाकार जयनन्द लामाले करिव दुई वर्ष पहिले सुमन खरेलसँगको एक अन्तर्वार्तामा राखेका थिए । वि.सं. २०२६ सालतिर राजा महेन्द्रको जन्मदिन र प्रजातन्त्र दिवसको उपलक्ष्यमा मुलुकभरबाट लोक गायक छानेर राजधानीमा ल्याएर कार्यक्रम प्रस्तुत गर्ने क्रममा सिन्धुपाल्चोक-काभ्रे क्षेत्रमा प्रतिभाको खोजी गर्न गएका सुप्रसिद्ध नृत्य निर्देशक भैरवबहादुर थापाको नजर एक बाह्र वर्षे ठिटोमा पनि परेछ । त्यतिबेला ठिटो जयनन्दले भैरवबहादुर थापाको सामानको भारी समेत बोकेका रहेछन् । उनीसँग काठमाडौँ आएर उनकै घरमा समेत बसेर उनैको रेखदेखमा गायन, वाद्यवादन, नृत्य र अभिनय सिकेर कलाकारिता क्षेत्रलाई अँगाल्न पुगेका जयनन्द लामा उनै प्रसिद्ध नृत्यविज्ञ भैरवबहादुर थापालाई नै आफ्ना गुरु मान्दथे । हुन पनि भैरवबहादुर थापाकै प्रोत्साहनबाट उनी गायन, अभिनय तथा नृत्य क्षेत्रका प्रसिद्ध कलाकार हुन सफल भएका हुन् । उनले कलिलै उमेरमा रेडियो नेपालमा हुने लोक गीत प्रतियोगितामा पुरस्कार हात पार्न सफल भएर गीत रेकर्ड गर्ने अवसर पाएका थिए । साथै त्यहाँ पन्ध्र-सोह्र वर्षको उमेरमा पुरस्कृत भएर हौसिएका उनी जीवनभर नै सबैका प्यारा कलाकार भएर रहन सफल भए ।

जयनन्द लामा एक लोकगीत गायक मात्र नभई अभिनय क्षेत्रका पनि उच्च हस्ती थिए । उनले अभिनय गरेका थुप्रै नाटकहरू मञ्चन भएका थिए । त्यस्तै पछिल्लो समयमा उनी टेलिफिल्महरू र नेपाली सिनेमाहरूमा पनि सफल हाँस्य कलाकार र अभिनेताको रूपमा प्रस्तुत भएका थिए । नेपाली फिल्म छक्का पञ्जाका तीन वटै भर्सनमा उनको अभिनय बेजोड रहेको थियो । उनले हलिउड, वलिउड र कलिउडका समेत सयौँ चलचित्रहरूमा अभिनय गरेका थिए । भैरवबहादुर थापाकै चेला भएकाले जयनन्द नृत्यमा पनि उत्तिकै पोख्त थिए । भैरवबहादुर थापाले आफ्नो एक पुस्तकमा जयनन्द निक्कै प्रतिभाशाली कलाकार भएको र जुनसुकै बाजा बजाउन पनि एकछिन सिके पछि उनी पोख्त हुन्थे भनेर लेखेका छन् ।

गीत, सङ्गीत र कलाकारिताकै प्रस्तुतीको क्रममा जयनन्दले राष्ट्रिय नाच घर, भैरवबहादुर थापा नृत्य मण्डली र प्रज्ञा प्रतिष्ठानको सांस्कृतिक कार्यक्रमको टोली सदस्यको नाताले दर्जनौँ मुलुकहरूको भ्रमण गर्ने र आफ्नो कलाकारिताको प्रदर्शन गर्ने मौका पनि पाएका थिए । विदेशमा हुने त्यस्ता कार्यक्रममा त्यहाँका दर्शकहरूले उनको भाषा नबुझे पनि उनको हाउभाउले नै उनका गीतका भाव बुझेर रमाउने गरेका थिए । उनी त्यस्ता प्रत्येक कार्यक्रमहरूका आकर्षणका केन्द्रविन्दु हुने गरेका थिए । यस्तै सन् १९८० ताका मेरा पिताजी गोविन्दप्रसाद लोहनी पाकिस्तानको लागि नेपाली राजदूत छँदा साहित्यकार तथा प्राज्ञ विजयबहादुर मल्लको नेतृत्वमा पाकिस्तान भ्रमणमा गएको प्रज्ञा प्रतिष्ठानको सांस्कृतिक टोलीमा जयनन्द लामा पनि सामेल भएर त्यहाँ पुगेका थिए । उनको त्यतिबेलाको निक्कै आकर्षक प्रस्तुतीले दर्शकहरू मन्त्रमुग्ध भएका थिए भने भोलिपल्टका छापाहरूमा उनी र अन्य उत्कृष्ट कलाकारहरूको

तारिफमा सचित्र वर्णनहरू प्रकाशित भएका थिए । प्रज्ञा प्रतिष्ठानमा काम गर्दा मुलुक भित्र र मुलुक बाहिरका पनि गीतहरू प्रदर्शन गर्नु पर्ने भएकोले उनले धेरै थरी र भाषाका गीतहरू गाए ।

हिजो-आज लोकगीत लोकधुनको आधारमा आफैं लेख्ने परिपाटी बढ्दै गएको छ । जयनन्द लामाकै शव्दमा पनि लोकगीतको संकलन आजकल पहिला जस्तो गाउँ गाउँमा गएर गर्ने काममा निक्कै कमी आएको छ । हुन पनि आजको असन्तुलित र अनियन्त्रित विकासले गर्दा, विदेशी सङ्गीत र संस्कृतिको प्रभाव मुलुकभर परेकोले गर्दा, कामको खोजीमा हाम्रा युवाहरू कलिलै उमेरदेखि विदेश जान थालेकाले गर्दा र सरकारले हाम्रो लोक संस्कृति र रितिरिवाजलाई संरक्षण गर्ने कुनै पनि योजना वा कार्यक्रमहरूलाई अघि नबढाएको र प्रोत्साहन पनि नदिएकै भएर पनि अब गाउँघरमा सन्तान दरसन्तानमा सर्दै आउने गरेका त्यस्ता लोक धुन र गीतहरु पनि लोप हुँदै जान थालेका छन् । त्यसैले जे जति बाँकी छन्, तीनको खोजीमा तिव्रता ल्याएर तिनको संकलन र रेकर्ड गरेर अभिलेख राख्न सके ज्यादै राम्रो हुने थियो ।

नेपाली लोकगीतहरूको खोजी गर्ने, संकलन गर्ने र गाउने काममा धेरै गायक तथा सङ्गीतकारहरूको योगदान रहेको छ । धर्मराज थापा, मास्टर रत्नदास प्रकाश, मास्टर मित्रसेन थापा मगर, ज्ञान बहादुर, उही गोविन्दबहादुर, गोपाल योञ्जन, कोइली देवी, हरिदेवी कोइराला, हिरादेवी वाइवा, झलकमान गन्दर्भ, अलि मिया, हिरण्य भोजपुरे, गणेश रसिक, कुमार बस्नेत, जयनन्द लामा, सि.के. रसाइली, कृष्णविक्रम थापा, तिर्थकुमारी, ज्ञानु राणा, मिरा राणा, तारा थापा, डेजी बराइली, दावा ग्याल्मो, बिमला राई, लालबहादुर खाती, पाण्डव सुनुवार, बासुदेव मुनाल, विजयसिंह मुनाल, राम थापा, किशोर गुरुङ, नविन किशोर राई, बुलु मुकारुङ, बमबहादुर कार्की, कोमल ओली, रेखा शाह, प्रेमराजा महत आदि तथा अन्य सयौं साङ्गीतिक श्रष्टाहरूले आआफ्नो तवरले नेपाली लोकगीतको सम्बर्द्धनमा विशेष भूमिका खेलेका छन् । त्यस्तै नयाँ पिँढीका लोक गायकहरूको पनि नेपाली लोक गीतको विकासमा निक्कै योगदान रहेको छ ।

फिल्मी गीतहरूको आकर्षणसँगै मौलिक लोक गीतहरूलाई आधुनिकतामा ढाल्ने, तीनका शव्दहरू परिमार्जित गर्ने, आधुनिक र पश्चिमी बाजाहरूको प्रयोग बढी गर्ने र लोक गीतलाई डिस्को सङ्गीतको पारामा द्रूतता प्रदान गर्ने परिपाटीले भने त्यस्ता गीतहरू रमाइला र आकर्षक भए पनि मौलिकता चाहिँ हराउँदै गएको जस्तो भएका छन् । तैपनि नयाँ पिँढीलाई हाम्रा मौलिक धुन र शव्दहरू भएका लोकगीतहरूमा चाख दिलाइ रहन भने यस्ता आधुनिकीकरण गरिएका लोकगीतहरूले पनि ठूलै भूमिका खेल्ने गर्दछन् ।

जयनन्द लामाका ‘उहिलेमा बाजेको पालामा’, ‘आँखाको रमझम’, ‘मुलाको चाना’, ‘चुइँ चुइँ चुइँकने जुत्ता’ तथा कैयन् तामाङ तथा अन्य भाषाका गीतहरू ज्यादै नै प्रसिद्ध भएका भएता पनि ‘के को साँचो डल्ली रेशम’ र ‘कलकत्ते काइयो’ भने सर्वाधिक लोकप्रिय बन्न सफल भए तथा जुनै पनि उमेर समूहका मानिसहरूले गुनगुनाउन रुचाउने गीत हुन पुगे । जयनन्द लामा गाउँले तामाङ परिवारमा जन्मेर हुर्केका कलाकार भएता पनि उनले मुलुकभरका विभिन्न भाषा र संस्कृतिका लोकगीतहरू संकलन गरेर गाएका थिए । यसो गर्नमा उनलाई सांस्कृतिक संस्थान, प्रज्ञा प्रतिष्ठान र उनका गुरु भैरवबहादुर थापाबाट पनि ठूलो प्रोत्साहन मिलेको थियो ।

के को साँचो डल्ली रेशम, फलामे साँचो

झुठो होइन डल्ली रेशम यो कुरा साँचो
तिमरु जस्ता नक्कली मैया, हाम्लाई केको खाँचो

कलकत्ते काइयो, केश मेरो बाङ्ग्यो, टेबुलमा ऐना छ
पिरती मैले नलाको होइन, तक्दिरमा रहिनछ
धानकै बाला झुलुँला, मायालाई भुलुँला

यी दुई सर्वाधिक लोकप्रिय गीतहरू र यस्तै अन्य गीतहरू त जयनन्दको अनुमति प्राप्त गरेर वा नगरेर पनि धेरै कलाकारहरूले रिमिक्स गरेर समेत रेकर्ड गरेका छन् र हरेक पार्टी तथा पिकनिकहरूमा यी गीत नबज्ने कुरा त हुनै सक्तैन । गायकहरूको लागि सफलताको सबैभन्दा ठूलो कडी नै यही हो । उनका कुनै न कुनै गीत आमजनताले अक्सर गुन्गुनाउने गरे भने त्यो नै ठूलो सफलता र खुशीको कुरा हुन जान्छ कलाकारको निम्ति । तर पनि जयनन्दलाई गीतहरू रिमिक्स गरेको त्यति मन पर्दैनथ्यो तर उनी आफुले रेकर्ड गरेर सार्वजनिक गरिसकेका गीतहरू आफ्नै मात्र पेवा भएर रहिरहनु पर्ने मान्यताको भने विपक्षमा थिए ।

प्रज्ञा प्रतिष्ठानमा छँदा उनलाई सङ्गीतको अनुसन्धानको निम्ति मुलुकका विभिन्न भागमा पठाइएको थियो । सङ्गीत वर्णमाला, सङ्गीत सिद्धान्त जस्ता अति महत्वपूर्ण पुस्तकहरू उनले विभिन्न विद्धानहरूलाई अध्ययन गर्न दिएर उनीहरूको राय-सुझाव सहित तयार गरेर प्रकाशन गरेका थिए । ती दुवै पुस्तकहरू नेपाली सङ्गीतको इतिहासमा एक महत्वपूर्ण कोशेढुङ्गा सावित भएका छन् । जयनन्द लामाले रेडियो नेपालमा पनि केही वर्ष काम गरे र त्यहाँको लोकगीत फाँट सँभालेर बसे । आफ्नो साङ्गीतिक यात्राको दौरान जयनन्दले विभिन्न शिक्षण संस्थाहरूमा सङ्गीतका प्रशिक्षकका रूपमा पनि कार्य गरेका थिए । युवराज दिपेन्द्र बुढानिलकण्ठमा अध्ययनरत छँदा उनका सङ्गीतका प्रशिक्षक पनि जयनन्द नै थिए भने उनका भाई निराजन र बहिनी श्रुतीलाई पनि जयनन्दले सङ्गीत सिकाएका थिए । राजा वीरेन्द्रले जयनन्दलाई निक्कै विश्वास गर्नुभएको थियो । कलाका धेरै विधाहरूमा विशेषज्ञता हासिल भएको भएता पनि जयनन्द आफुलाई एक सङ्गीत साधक भनेर चिनाउन रुचाउँथे ।

जिविकोपार्जनकै निम्ति उनले अनेकौं प्रकारका कामहरू गरेका थिए । कलिलो उमेरमा नै घरमा सघाउने हेतुले भारी बोक्न थालेका उनले पछि जागीरे जीवन व्यतित गर्न थाले भने केही वर्ष विदेशमा समेत काम गर्न गएका थिए । उनले चलचित्र निर्माताको रूपमा पनि काम गरे र नेपालमा क्यासेटमा गीति अल्बम उत्पादन गर्ने प्रथम व्यक्ति पनि भए । जीवनको उत्तरार्द्धमा भने उनी पुनः सङ्गीत प्रशिक्षक, चलचित्र कलाकार र गायककै रूपमा व्यस्त हुन थालेका थिए भने बेला बखतमा कलाकारिताका विभिन्न विधाहरूमा निर्णायकको भूमिकामा पनि देखिने गरेका थिए ।

जयनन्द लामामा अहम् र घमण्डको उन्माद कहिल्यै पनि आएन । उनी कसैको कुरा काटेर पनि हिँड्दैनथे । उनी सधैँ हाँसिरहने, जस्तो परिस्थितिमा र जति नै नयाँ कलाकार र सुभेच्छुकहरूसँग पनि घुलमिल गरेर र हँसाएर बोल्न सक्ने किसिमका ज्यादै नै रमाइला व्यक्ति थिए । उनी डिल्लीबजार, घट्टेकुलोमा निक्कै वर्ष डेरा गरेर बस्दा उनको सामिप्यमा आउन हामीजस्ता स्थानीयवासी युवाहरूलाई ज्यादै सहज भएको थियो । उनी नयाँ कलाकारहरूलाई कला क्षेत्रमा लाग्न र मेहनत गर्न एकदम हँसाउने पाराले हौस्याउने गर्दथे । कैयन् सांगीतिक तथा कलाका अन्य विधाका कार्यक्रमहरूमा निर्णायक र अतिथिको

रूपमा भाग लिँदा पनि उनी नवोदित कलाकारहरूको मनोवल बढाउन निक्कै ठट्टा र मुस्कुराहटका साथ हौस्याउने गर्दथे । वास्तवमा नै भन्नु पर्दा जयनन्दलाई मन नपराउने वा घृणा गर्ने व्यक्ति त सायदै कोही भेटिएलान् ।

दैवको खेला पनि अपरम्पारको छ । विगत केही हप्ताभित्र नै नेपाल र भारतका कैयन् हुनाहार कलाकारहरू अप्रत्याशित रूपमा व्रह्मलिन हुन पुगे । तिनैमध्येका एक हुन गए जयनन्द लामा पनि । बाह्रबिसेको एक तामाङ परिवार र परिवेशमा २०१३ सालमा जन्मि हुर्के-बढेर नेपाल राष्ट्रकै एक प्रख्यात लोक गायक र अभिनय क्षेत्रका विशेष हस्ती हुन सफल भएका जयनन्द लामाले अझै कलाको क्षेत्रमा निक्कै योगदान गर्ने समय र वातावरण बाँकी नै थियो । उमेरको हिसाबे उनी साठीको दशकमा (६५ वर्ष) नै यात्रा गरिरहेका थिए तर हामीले उनको सामिप्यबाट ज्यादै चाँडै टाढा हुन कर लाग्यो । इश्वरको जो इच्छा, तर हाम्रो मनबाट भने उनी कहिल्यै पनि टाढा हुने छैनन् ।

** लेखक विकास अर्थशास्त्री र पुर्वबैंकर तथा नेपाल एकल व्यक्तित्व समाजका अध्यक्ष समेत हुन् ।*

*२०७८ साल फागुन १३ गते*